नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौं

# प्रेस विज्ञप्ती -११

## " रेडक्रश सोसाइटीको जग्गा खरिद कार्यमा ठगी गर्नेहरु पक्राउ ''

नेपाल सरकार, महिला,बालबालिका,लैङ्गिग तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट प्राप्त भएको रेडक्रश सोसाइटी उपर भएको अनियमिता छानबिन प्रतिवेदनहरुको अध्ययन गर्दा मिति २०७३/०५/२२ मा प्रकाशित सूचना बमोजिम नेपाल रेडक्रश सोसाइटी संस्थाको लागी गोदाम घर सञ्चालनको लागी भक्तपुर जिल्ला भक्तपुर वडा ४(क) मा कित्ता नं ८६३,४९६,४९७ र ५८१ क्षेत्रफल ५-१३-३-० खरीद गर्दा बोलपत्रमा उल्लेख भएको सर्त विपरीत मध्यस्थकर्ता ( बिचौलिया) मार्फत खरीद गरी रु. ६,३२,८१,२५०।- भुक्तानी गरेकोमा सो रकम मध्ये रु.१,९३,००,७५०/- रकम मध्यस्थकर्ता ( बिचौलिया) ले लिई खाएको तथा खरीद गरिएको जग्गाको नापी कार्यालय भक्तपुरवाट क्षेत्रफल एकिन गराउदा फिल्डमा क्षेत्रफल ५-६-२-१ मात्र रहेकोमा नेपाल रेडक्रश रेडक्रश सोसाइटीका तत्कालिन पदाधिकारीहरुले बोलपत्रको सूचनाको सर्त विपरीत मध्यस्थकर्ता ( बिचौलिया) मार्फत जग्गा खरीद गरी ***म सेवा गर्छु" (I Serve)*** **लाई आत्मसात् गर्दै निस्वार्थ रूपमा मानवीय सेवामा समर्पित रहन्छु भनी** संस्थामा आवद्ध रहेका पदाधिकारी तथा कर्मचारीहरुले **मानव जीवनको रक्षा, स्वास्थ्य प्रवर्द्धन र विपद्पछिको उद्धार तथा राहतका क्षेत्रमा संलग्न रहेको रेडक्रशलाई हानी नोक्सानी गराई ठगी गरेको सम्वन्धमा** भक्तपुर जिल्ला अदालत भक्तपुरबाट पक्राउ गरी अनुसन्धान गर्नको अनुमती लिई संलग्न रहेका देहाय **पदाधिकारी, कर्मचारीहरु र मध्यस्थकर्ता** ( बिचौलिया) लाई पक्राउ गरी थप अनुसन्धानको लागी जिल्ला प्रहरी परिसर भक्तपुर पठाईएको ब्यहोरा अनुरोध गरिएको छ।

**पक्राउ प्रतिवादीहरूको विवरण :**

१.जिल्ला भक्तपुर मध्यपुर ठिमी नगरपालिका वडा नं.३ निकोसेरा बस्ने बर्ष ५२ को राजेश देशमरु
२. जिल्ला नुबाकोट समुन्द्रटार -६ स्थायी वतन भई जिल्ला काठमाडौ -२६ मा बस्ने बर्ष ५७ को उमेश प्रसाद ढकाल।
३. जिल्ला भक्तपुर चागुनारायण नगरपालिका वडा नं.०५ बस्ने बर्ष ५८ को मदन कृष्ण फोजु ।
४.जिल्ला उदयपुर कटारी -३ स्थायी वतन भई हाल जिल्ला भक्तपुर मध्यपुरठिमी-१ बस्ने वर्ष ७० को संजिब थापा।
५. जिल्ला काठमाडौ -१६ बालाजु बस्ने बर्ष ६७ को ईन्द्र बहादुर के.सी. ।

मिति:२०८३ भाद्र ०२ गते।
नेपाल सम्वत ११४६

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरिक्षक)
**प्रवक्ता एवं सूचना अधिकारी**
सम्पर्क नं: ९८५१२९१३११